प्रमाणिकरण गर्नेको
दस्तखतः
नामः सन्तोष कुमार थापा
पदः अध्यक्ष
पाना संख्याः४
मितिः २०७६।३।१६

# माथागढी गाउँपालिकाको विनियोजन विधेयक, २०७६

## गाउँ सभाबाट पारित मिति : २०७६।३।१५


माथागढी गाउँपालिका
झडेवा, पाल्पा
५ नं. प्रदेश, नेपाल

**माथागढी गाउँकार्यपालिकाको आर्थिक बर्ष २०७६/०७७ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**

सभाबाट स्वीकृत मिति : २०७६।०३।१५

**प्रस्तावना:** माथागढी गाउँपालिकाको आर्थिक बर्ष २०७६।०७७ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम माथागढी गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम " माथागढी गाउँपालिकाको विनियोजन ऐन, "२०७६" रहेको छ ।

(२) यो ऐन सम्वत् २०७६ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०७६।०७७ को निमित्त स्थानीय सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:** (१) आर्थिक वर्ष २०७६।०७७ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेंवा र कार्यहरुका निमित्त अनुसूची १ मा माथि उल्लिखित चालू खर्च, पूँजिगत खर्च र वित्तीय व्यवस्थाको रकमसमेत गरी जम्मा रकम रु. ४१,०४,९७,६५०।-(अक्षरुपी एकचालिस करोड चार लाख सन्तानब्बे हजार छ सय पचास रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**नोट : गाउँ सभाबाट वार्षिक बजेट स्वीकृत भईसकेपछि विभिन्न निकायबाट हस्तान्तरित भई गाउँपालिकाको नाममा प्राप्त हुन आउने जुनसुकै रकम सम्बन्धित कार्यक्रमको लागी गाउँ कार्यपालिकाले आगामी गाउँसभाबाट अनुमोदन गराउने गरी खर्च गर्न सक्नेछ ।**

३. **विनियोजन:** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६।०७७ को निमित्त माथागढी गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुन सुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा

बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यंहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

माथागढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
झडेवा, पाल्पा
५ नं. प्रदेश, नेपाल

अनुसूची -१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

स्थानीय सञ्चित कोषबाट विनियोजन हुने रकम

रु.हजारमा मा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ कार्यपालिका | ५९०३०.६५ | ५९२४४ | ० | ११८२७४.६५ |
| २ | | वडा कार्यालय | ६६०५ | ५०८९५ | ० | ५७५०० |
| ३ | | बिषयगत शाखा | १८२८१४ | ५१९०९ | ० | २३४७२३ |
| ४ | | ऋणको सावा व्याज भुक्तानी | ० | ० | ० | ० |
| ५ | | लगानी (शेयर/ऋण) | ० | ० | ० | ० |
| जम्मा | | | २४८४४९।६५ | १६२०४८ | ० | ४१०४९७६५ |

प्रमाणिकरण गर्नेको

दस्तखतः

नामः सन्तोष कुमार थापा

पदः अध्यक्ष

पाना संख्याः४

मितिः २०७६।३।१६